नेपाल सरकार
शिक्षा मन्त्रालय
शिक्षा विभाग
# जिल्ला शिक्षा कार्यालय

फोन नं. ०८२-५६००१०
फ्याक्स ०८२-५६०००९

प.सं.: २०७१/०७२
च.नं.: २५८९

मिति: २०७२/०२/२०

बिषयः- आबेदन र रजिष्ट्रेशन फाराम भर्ने भराउने सम्बन्धमा

श्री .......................................मावि/उमावि
.................................... दाङ

एसएलसी परीक्षा २०७२ मा सम्मिलित हुने परीक्षार्थीहरुले नियमित रुपमा भर्नुपर्ने आवेदन फाराम र एसएलसी परीक्षा २०७३ मा सम्मिलित हुने परीक्षार्थीहरुले भर्ने रजिष्ट्रेशन फाराम भर्ने भराउने सम्बन्धि मिति २०७२/०२/१४ को गोरखा पत्र दैनिकमा प्रकाशित सुचना तथा परीक्षा नियन्त्रण कार्यालय सानोठिमी भक्तपुरको च.नं. ५४४ मिति २०७२/०२/१४ को पत्रानुसार तपसिलमा उल्लिखित बुँदा अनुसार गर्नु गराउनुहुन अनुरोध छ ।

तपसिल

१ विद्यालय कोड लिने

रजिष्ट्रेशन फाराम भर्दा एसएलसी परीक्षा प्रयोजनका लागि कायम भएको जिल्ला कोड तथा विद्यालय कोड जि.शि.का. बाट लिइ काम गर्ने ।

२ रजिष्ट्रेशन नम्बर कायम गर्ने

क) गत वर्ष जस्तै यस वर्ष पनि रजिष्ट्रेशन फाराममा रजिष्ट्रेशन नम्बर विद्यालयबाटै कायम गर्ने । रजिष्ट्रेशन नम्बर कायम गर्न उल्लेख गरिएका कोठा मध्ये पहिलो दुई कोठामा नियमित परीक्षा दिने साल(२०७३), त्यस पछिको दुई (तेस्रो र चौथो) कोठामा जिल्ला कोड, त्यस पछिको तीन (पाँचौ, छैटौं र सातौं) कोठामा विद्यालय कोड लेख्नुपर्नेछ । त्यस पछिको तीन कोठामा लेखिने तीन अंकले सम्बन्धित विद्यार्थी/परीक्षार्थीको नम्बरलाई जनाउँछ । उदाहरणको लागि पप उमावि भरतपुर दाङको १ जना विद्यार्थीको रजिष्ट्रेशन नम्बर यस्तो हुनेछ :-

| साल | | जिल्ला कोड | | विद्यालय कोड | | | विद्यार्थीको नम्बर | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | ३ | ५ | ८ | ० | १ | १ | ० | ० | १ |

ख) हरेक विद्यालयबाट फाराम भर्ने विद्यार्थीको नम्बर ००१ बाट सुरु हुनेछ र जतिजना विद्यार्थीले फाराम भर्छन् त्यति नै संख्यामा त्यो नम्बर क्रमश: बढ्दै जानेछ ।

ग) २०७३ सालको नियमित तर्फको एसएलसी परीक्षामा सामेल हुने विद्यार्थीको लागि २०५९ चैत्र मसान्त सम्मको जन्म मिति मात्र योग्य हुने भएकोले सो अनुसार उल्लेख गर्ने ।

घ) विद्यार्थीले आफुले नियमित रुपमा अध्ययन गरेको विद्यालयबाट मात्र रजिष्ट्रेशन फाराम भर्नुपर्नेछ । एउटै विद्यालयबाट वा विभिन्न विद्यालयबाट दोहोरो रजिष्ट्रेशन फाराम भर्न पाइने छैन । भरेको पाइएमा त्यस्ता विद्यार्थीको रजिष्ट्रेशन फाराम र परीक्षा समेत स्वत: रद्द हुनेछ । रजिष्ट्रेशन फाराम भरेको विद्यालयबाट मात्र एसएलसी परीक्षामा सामेल हुन पाउने भएकाले फाराम भरिसकेपछि अन्य विद्यालयमा स्थानान्तर हुन पाइने छैन ।

ङ) आवेदन फारामको क्रम रजिष्ट्रेशन फाराम कै क्रममा राख्नु पर्नेछ ।

च) खुला तथा बैकल्पिक बिद्यालयका परीक्षार्थीहरुले पनि रजिष्ट्रेशन र आवेदन फाराम अलग अलग भर्नु पर्ने छ ।

छ) प्राविधिक धारका विद्यालयहरुले समेत उल्लिखित मिति भित्र रजिष्ट्रेशन फाराम भराउनु पर्ने छ ।

ज) तोकिएको समयभित्र राजस्व दस्तुर सहित रजिष्ट्रेशन र आवेदन फाराम नभर्ने विद्यार्थीले परीक्षामा सामेल हुनपाउने छैन ।

झ) विलम्ब शुल्क तिरी फाराम भर्ने भराउने व्यवस्था गरिएको छैन ।

ञ) विद्यार्थीले भरेर बुझाएका अवेदन फाराम भर्ने विद्यार्थीहरुकोको नाम, थर, जन्ममिति परीक्षा दिने बिषयहरु ठिकसँग भरे नभरेको रुजुगरी पछिसम्म फरक नपर्ने गरी प्रमाणित गरी २०७२ असार २१ भित्रमा जि.शि.का.मा. बुझाइसक्नु पर्नेछ ।

क्रमशः:-